# मिति २०७६/०९/०२ गतेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं. १** :टीकापुर नगरपालिका क्षेत्रभित्र रहेको सिमा सशस्त्र प्रहरी बल नेपाल वि.ओ.पी खक्रौला , हाल टीकापुर वडा नं. ८ स्थित भन्सारको जग्गामा अस्थायी रुपमा पालमा रही संचालन भई रहेको र ब्यवस्थित रुपमा कार्यालय ब्यवस्थापन तथा संचालनका लागि निकै समस्या देखिएकोले सशस्त्र प्रहरी वल नेपाल , वि ओ.पी, खक्रौलालाई साविक धनसिंहपुर ९ हाल को वडा नं. ८ स्थित नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा मध्येबाट खक्रौला पुल देखि दक्षिण पूर्व अन्दाजी ४०० मिटर तल सीमा जोड्ने सडकमा अगाडिको मोहडा ३०० मिटर पर्ने गरी ज.वि.०४-००-०० क्षेत्रफल हुने गरी ब्यवस्थापन गर्न उपयुक्त देखिएकोले सोहि बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।।

**निर्णय नं. २ :- क**) आप्रवासन कामदार दिवस, २०१९ को अवसरमा अन्तरक्रिया संचालनका लागि कार्यालयको स्वीकृत प्रस्तावना बमोजिम रु. १८,०००।- (अठार हजार) आ.व. ०७६/०७७ का लागि भैपरी चालु शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने ।

**ख**) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा २०१९ मा गरिएको औलो सुक्ष्म स्तरिकरणको प्रतिवेदन अनुसार यस पालिका अन्तरगत वडा नं. ९ औलोको जोखिममा रहेको हुनाले उक्त स्थानमा कीटनाशक भ्रूल स्वास्थ्य सेवा विभाग मार्फत उपलब्ध गराईएकोमा उक्त भ्रुल वितरणलाई प्रभावकारी बनाउन (परिचालकहरुको खर्च तथा वितरण खर्च) आ.व. ०७६/०७७ का लागि भैपरी चालु शिर्षकबाट रु. ७०,०००। (सत्तरी हजार) उपलब्ध गराउने ।

**निर्णय नं ३ :-** यस नगरपालिकाको आ.व. ०७४/०७५ को नगर गौरवको योजना शिर्षक अन्तर्गत " वडा नं. ५, स्थित बंगला पार्कको मूख्य प्रवेशद्धार निर्माण" श्री न्यू समिप निर्माण सेवा, जनाली बन्डाली, अछाम (प्रो. ज्ञानेन्द्र बहादुर शाह ) मार्फत निर्माणाधिन आयोजनाको कार्यावधि (म्याद) थप सम्बन्धमा कार्यपालिकाको कार्यालयको मिति २०७६/०९/०१ को निर्णय बमोजिम २०७६/१२/२५ गते सम्म समयावधि थप गर्ने निर्णय गरियो ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख